# अनलाईन औषधि बिक्री-वितरण मापदण्ड, २०८१

प्रस्तावना : औषधि बिक्री वितरण संहिता, २०८० को दफा ८ को उपदफा १० बमोजिमको सेवा केन्द्रले अनलाईन सेवा प्रदान गर्ने प्रक्रियालई व्यवस्थित गर्ने प्रयोजनार्थ यो मापदण्ड जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो संहिताको नाम " अनलाईन औषधि बिक्री-वितरण मापदण्ड, २०८१" रहेको छ।
(२) यो संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संहितामा,-
(१) "ऐन" भन्नाले औषधि ऐन, २०३५ सम्झनु पर्छ ।
(२) "नियमावली" भन्नाले औषधि ऐन अन्तर्गतका नियमावली भन्ने सम्झनु पर्छ ।सेवा केन्द्रले आनलाइन सेवा प्रदान गर्न विभागले व्यबस्था गरेको मापदण्ड पुरा गरी अनुमति लिनु पर्नेछ
(३) "विभाग" भन्नाले औषधि व्यवस्था विभाग सम्झनु पर्छ ।
(४) "प्रेशक्रिप्सन" भन्नाले चिकित्सक वा मान्यता प्राप्त स्वास्थ्यकर्मीले बिरामी परीक्षणबाट रोगको निदान गरी उपचारको लागि दिइने आवश्यक औषधि र निर्देशन सहितको विवरण सम्झनु पर्छ ।
(५) "अनलाईन फार्मेशी" भन्नाले कम्प्यूटर संजालमा आवद्ध गरिएको सफ्टवेयर मार्फत औषधि बिक्रिवितरण गर्न औषधि ऐन तथा नियमावली बमोजिम दर्ता भएका फर्म वा पसलहरुलाई सम्झनु पर्छ

३. अनलाईन फार्मेशी दर्ता सम्बन्धी प्रावधानः अनलाईन फार्मेशीबाट औषधी बिक्री वितरण गर्न चाहने फर्म वा पसलले नियमानुसार विभागमा दर्ता गरी भौतिक पसल समेत रहने गरी अनलाईन फार्मेशी दर्ता गर्नुपर्नेछ।

४. अनलाईन औषधि बिक्रीवितरण सम्बन्धि प्रावधानः दफा ३ बमोजिम दर्ता भएका अनलाईन फार्मेशीहरुले निम्न प्रावधानहरुको पालना गर्नुपर्नेछ।
(क) लागु र विषालु औषधिहरु अनलाईन बिक्री वितरण गर्न पाईने छैन।
(ख) १८ वर्षभन्दा कम उमेरको व्यक्तिलाई औषधिहरु बिक्री वितरण गर्न पाईने छैन्।
(ग) अनलाईन औषधिहरु बिक्री वितरण गर्नुपूर्व लाईसेन्स प्राप्त फर्मासिष्टको प्रत्यक्ष निगरानीमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।
(घ) प्रेशक्रिप्सन अनुसार अनलाईन बिक्रि वितरण गर्नुपर्ने औषधिहरुको हकमा औषधि डिस्पेसिंग गर्ने व्यक्तिको नाम थर/नेपाल फार्मेसी परिषद नं/व्यवसायी नं उल्लेख गरी सही छाप गर्नुपर्नेछ ।
(ङ) औषधि प्रयोग सम्बन्धी परामर्श प्रदान गर्नको लागि आवश्यक व्यवस्थाहरु मिलाउनुपर्नेछ।

५. अनलाईन औषधीको कारोबारको अभिलेखः (१)अनलाईन कारोबार गरिएका सबै औषधिहरुको अनिवार्य रुपमा बिल विजक जारी गर्नु पर्नेछ, त्यसरी जारी गरिएको बिलमा कम्तिमा औषधिको नाम, औषधिको म्याद नाघ्ने मिति र बिक्रेताको नाम र हस्ताक्षर हुनु पर्नेछ र सो को अभिलेख राखी विभागमा समयसमयमा पेश गर्नुपर्नेछ।
(२) अनलाईन फार्मेशीहरुले सेवाग्राहीहरुको नाम, प्रेशक्रिप्सन दिने चिकित्सक अभिलेख समेत राख्नुपर्दछ।

६. गुनासो व्यवस्थापन सम्बन्धी प्रावधानः अनलाईन औषधिको कारोबारको क्रममा सेवाग्राहीबाट प्राप्त हुन गुनासोहरुको व्यवस्थापन र उचित राय सल्लाह प्रदान गर्नको लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गर्नुपर्नेछ।

Scanned with CamScanner

७. <u>अनलाईन फार्मेशीहरुमा औषधि भण्डारण सम्बन्धी व्यवस्था:</u>

(१) औषधि संचय गर्दा औषधिको गुणको आधारमा, आद्रता, अत्यधिक ताप, सुर्यको प्रत्यक्ष किरण, धुलो मैलो, किटाणु आदि बाट पूर्ण सुरक्षित हुने गरी संचय गरेको हुनु पर्दछ ।

(२) औषधि संचय गर्दा कुनै निश्चित वैज्ञानिक संचय प्रणाली अपनाउनु पर्नेछ (जस्तै वर्णानुक्रम, बनावट, प्रणालीगत वा मिश्रित) ।

(३) अनलाईन फार्मेशीमा औषधि र औषधिजन्य सामान बाहेक अन्य कुनै बस्तु राख्न वा बिक्री-वितरण गर्नु हुदैन ।

८. <u>विभागले निर्देशन/परिपत्र जारी गर्न सक्ने:</u> यस मापदण्डमा अनलाईन फार्मेशीमा हुनुपर्ने न्यूनतम भौतिक पूर्वाधारको परिमाण तथा जनशक्तिको संख्या सम्बन्धमा विभागले समय समयमा सार्वजनिक सूचना मार्फत निर्देशन/परिपत्र जारी गर्न सक्नेछ ।

Scanned with CamScanner